# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वसन्तपुर, चितवन
३ नं. प्रदेश, नेपाल


प.सं.

च.नं.

मिति ..............................
२०७५/०५/२९

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय वसन्तपुर, चितवन २०७३

## निकासी कर आय ठेक्का बन्दोबस्त सम्बन्धि बोलपत्र आव्हानको सूचना।

प्रथम पटक सूचना प्रकासित मिति-२०७५ भाद्र २९ गते

यस माडी नगरपालिकाको आर्थिक ऐन २०७५को दफा ८ अन्तर्गत यस नगर क्षेत्र वाट निकासी हुने बनकस(खर बाबियो,मलहन,पत्ता,छवाली,पराल,वागास,निगालो,लोक्ता,पटेर,अम्लिसो कुचो)बाँस र जर्नाको आर्थिक ऐनको अनुसूची ५ अनुसारको निकासी कर तथा बस पार्क व्यवस्थापन पटके शुल्क संकलन गर्नका लागि माडी नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७५ भाद्र २४ को निर्णय अनुसार न्युनतम ६,००,०००/-(अक्षरुपी-छ लाख रुपयाँ) रकम नघट्ने गरि २०७६ असार मसान्त सम्मका लागि तपशिलमा उल्लेखित कागजात संग्लन राखी ईच्छुक संघ संस्था,फर्म वा व्यक्ति हरुले यो सुचना प्राप्त भएको मितिले १५औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा बोलपत्र दस्तुर बुझाई बोलपत्र फारम खरिद गरि १६ औ दिनको १२:०० बजे भित्र आफूले कबोल गरेको ठेक्का अंकको ५% धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक बसन्तपुर शाखाको धरौटी खाता न.०५०८८००९१५९७७०९१ मा रकम दाखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त (क) श्रेणीको वैकवाट ७५ दिनको म्याद भएको विडवण्ड सहित तोकिएको शर्तहरुको अधीनमा रही रितपूर्वक बोलपत्र दाखिला गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । रित पुर्वक नभएको तथा तथा म्याद नाघी आएको दरखास्त उपर कारवाही हुने छैन ।

तपशिल

- नेपाली नगरिकताको प्रमाण पत्र ।
- फर्म दर्ता प्रमाण पत्र ।
- फर्म नविकरण भएको प्रमाण–पत्र ।
- स्थाई लेखा दर्ता प्रमाण पत्र/ मूल्य अभिबृद्धि कर दर्ता प्रमाण–पत्र तथा ।
- आ.व.०७४ /०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
- वोल पत्र फारम दस्तुर रु ३०००/-(फिर्ता नहुने) ।
- वोलपत्र खोल्ने मिति:सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १ बजे ।
- वोलपत्र खोल्ने स्थान :माडी नगरपालिका कार्यालय,माडी ।

पुनश्च: बोलपत्र खोल्ने दिन बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित हुनु पर्ने छ । यदि बोलपत्र दाता वा प्रतिनिधि उपस्थित हुन नसकेमा पनि बोलपत्रको कार्यवाही अघि बढाईनेछ ।

०७५।५।२९

हरिदत्त कंडेल

(प्रमुख प्रशासकीय अधिकृत )